Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

# शासन प्रणालीमा देखिएका विवाद विषयमा ब्लग/ लेखको आह्वान

**ब्लग/लेख बारे**

सामाजिक परिवर्तन केन्द्रले नयाँ विषयवस्तुहरू सहित लेख प्रकाशनलाई यस वर्षपनि निरन्तरता दिँदैछ। यस ब्लग शृङ्खलामा संघियता कार्यान्वयनमा देखिएका तहगत सरकारहरू बीच विवाद तथा सहकार्यको अवस्था, नीतिगत प्रावधान तथा समाधानका प्रयासहरू, विशेष गरी १. प्राकृतिक स्रोत तथा वातावरण २. विकास ३. राजनीतिक प्रणाली ४. जातीय-सांस्कृतिक सम्बन्धित शासन व्यवस्थामा केन्द्रित रहेको छ। हामी विषयविज्ञ, प्राज्ञिक, सामाजिक कार्यकर्ता, सरकारी कर्मचारी र अन्य विविध पृष्ठभूमिका इच्छुक व्यक्तिहरूबाट सान्दर्भिक ब्लग/लेखहरूको आह्वान गर्दछौं । अनुसन्धान तथा अनुभवमा आधारित ब्लग/लेखहरूलाई विशेष प्राथमिकता दिइनेछ।

**सम्भावित विषयवस्तुहरू**

- अन्तर-सरकार सम्बन्ध र संवैधानिक प्रावधानहरू
- अन्तर-सरकार द्वन्द्व समाधानका नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था
- स्थानीय द्वन्द्व समाधानमा नागरिक संलग्नता र न्यायिक समितको भूमिका
- शासन प्रक्रियामा देखिएका द्वन्द्व समाधान गर्न नागरिक समाज संस्था, मिडिया र सरकारको भूमिका
- शासन प्रणालीसँग सम्बन्धित द्वन्द्व समाधानका सफल/असफल अभ्यासहरू
- संघियता कार्यान्व्यनमा नागरिक संलग्नता
- प्राकृतिक स्रोतको (जस्तैः वन/जंगल, पानी, खनिज, ढुंगा/गिट्टी, उर्जा) उपयोगमा सिर्जना भएका द्वन्द्व/ विवाद
- प्राकृतिक स्रोतहरू तथा वातावरणमा विकासको प्रभाव
- प्राकृतिक श्रोतहरुको उपयोग तथा व्यवस्थापनका चुनौती र अवसरहरू
- आदिवासी जनजातिको जीवन र प्राकृतिक स्रोतहरू बीचको अन्तरसम्बन्ध
- जातीय, धार्मिक, अल्पसंख्यक, लैंगिक, अपाङ्गता तथा अन्य सीमान्तकृत समूहका व्यक्तिहरू विरुद्ध भेदभाव कायम राख्ने नीतिगत तथा प्रणालीगत व्यवस्थाहरू
- जातीय-धार्मिक तथा सांस्कृतिक द्वन्द्व र संवैधानिक अधिकार
- दलित विरुद्धको भेदभाव उन्मूलनमा राज्यको भूमिका
- राजनीति तथा शासन प्रणालीमा महिला सहभागिता
- राजनैतिक द्वन्द्व र विकास निर्माण बीचको अन्तरसम्बन्ध
- विकास निर्माण, सेवा प्रवाह र नागरिकको अपेक्षा

लेखहरु माथि उल्लेखित विषयवस्तुमा मात्र सीमित नरहेको तर शासन प्रक्रियामा देखिएका मतभेद, समस्या, चुनौति, विवाद तथा समाधान वरपर रहेर पनि लेख्न सकिनेछ। फोटो ब्लग/कथा तथा अन्य सिर्जनशील तरिकाले पनि विषयवस्तु प्रस्तुत गर्न प्रोत्साहन गरिन्छ।

Centre for Social Change
सामाजिक परिवर्तन केन्द्र

**शब्द संख्या र भाषा**

- ब्लग/लेख ८०० देखि १२०० शब्द सम्म मात्र ।
- नेपाली अथवा अंग्रेजी भाषामा लेख्न सकिने ।
- लेखलाई जीवन्त बनाउन सान्दर्भिक चार्ट, ग्राफ, फोटो राख्न सकिने ।
- लेखमा कुनै तथ्याङ्कको प्रयोग भएमा श्रोत अनिवार्य खुलाउनु पर्नेछ ।

ब्लग पठाउने ठेगाना: blog@socialchange.org.np
ब्लग पठाउने समय सीमा नरहे तापनि प्रत्येक महिनाको दोस्रो हप्ताभित्र उपलब्ध भएमा आउने महिनामा सो ब्लग/लेख प्रकाशन गरिने छ ।

**ब्लगका लागि सर्त तथा नियमहरू**

- यस आह्वानमा दिएका प्रक्रियाहरू पूरा गरी ब्लग पठाउनु पर्नेछ ।
- लेखहरू छान्ने तथा प्रकाशन गर्ने अधिकार यस संस्थासँग रहने छ ।
- एकरूपता र गुणस्तर कायमका लागि सामाजिक परिवर्तन केन्द्रको संचार नीतिमा आधारित रही लेख प्रकाशन गरिनेछ ।
- लेखकलाई कदर तथा प्रोत्साहन स्वरूप प्रकाशित ब्लगको हकमा सामाजिक परिवर्तन केन्द्रले ४०००/- देखि रु ८०००/- प्रदान गरिने छ । (नेपाल सरकारको कर कट्टी गरिने छ ।)
- लेख सामाजिक परिवर्तन केन्द्रको https://gmcnepal.org/ प्लेटफर्मबाट प्रकाशन गरे पश्चात् अन्य माध्यमबाट सेयर समेत गरिनेछ ।

सामाजिक परिवर्तन केन्द्र द्वन्द्वरूपान्तरण र शान्ति स्थापना, लोकतन्त्र र सुशासन, आप्रवासन, श्रम तथा रोजगार, नागरिक संगठन विकास, सामाजिक विकास तथा सार्वजनिक नीति अनुसन्धान, अध्ययन, पैरवी र समुदाय परिचालनमा कार्य गर्ने संस्था हो ।

थप जानकारीको लागि
blog@socialchange.org.np
https://socialchange.org.np/